**सेट-छ**

**बिषय कोडः Sol ००५**

**कक्षाः १२**

**बिषयः सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा**

**समयः ३ घन्टा** **पूर्णाअंकः ७५**

**सबै प्रश्नहरुको उत्तर दिनुहोस्।**

**समुह क**

**तलका प्रश्नको धेरै छोटो उत्तर दिनुहोस् :** **(११ x १ = ११)**

१. सामाजिक शिक्षाको एउटा उद्देश्य लेख्नुहोस्।

२. पूर्वीय चिन्तन के बाट प्रभावित छ ?

३. सामाजिक अनुसन्धानको अर्थ लेख्नुहोस्।

४. समालोचनात्मक चिन्तन भनेको के हो ?

५. सामाजिक विविधता भन्नाले के बुझिन्छ ?

६. पहिलो गोपालवंशी राजा को हुन् ?
७. सङ्घीयतालाई एक शब्दमा व्यक्त गर्नुहोस् ।
८. गोपनियताको अधिकार भनेको के हो ?
९. नेपालमा पहिलो पटक कहिले मुलुकी ऐन जारी भएको थियो ?
१०. वैदेशिक व्यापार घाटाको कुनै एक कारण उल्लेख गर्नुहोस् ।
११. मानव संसाधन विकास भनेको के हो ?

## समुह ख

**तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :** **(८ X ५ = ४०)**

१२. सह-सम्बन्ध र कार्यकारण सम्बन्धको भिन्नता लेख्नुहोस् ।

**अथवा**

पूर्वीय र पाश्चात्य चिन्तन परम्पराका बिचमा भिन्नता उल्लेख गर्नुहोस् ।
१३. सुदूर पश्चिम प्रदेशको आर्थिक अवस्था न्यून हुनुको कारणहरू वर्णन गर्नुहोस् ।
१४. समाजमा आएको परिवर्तनले सामाजिक रूपान्तरणमा मदत पुऱ्याउँछ, कसरी ?
१५. लिच्छवी काललाई किन स्वर्ण युग भनिन्छ ?
१६. सामाजिक रूपान्तरणका उपायहरू बुँदागत रूपमा लेख्नुहोस् ।
१७. नेपालको संविधान अनुसार नागरिकको कर्तव्यहरू के - के हुन् ?
१८. शहरीकरणका विश्वव्यापी लहरको विष्लेषण गर्नुहोस् ।
१९. नेपालको वैदेशिक व्यापारको अवस्था कस्तो छ ?

**अथवा**

शिक्षाले मानव संसाधन विकासमा कस्तो भूमिका खेल्छ?

## समुह ग

**तलका प्रश्नको लामो उत्तर दिनुहोस् :** **(३ X ८ = २४)**

२०.जीवनमा सफलता हासिल गर्न जीवनोपयोगी सिपले कसरी मदत गर्दछ ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।
२१.समाज र दर्शन बिचको सम्बन्धलाई सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

**अथवा**

विपद् भनेको के हो ? विपद व्यवस्थापन कसरी गर्न सकिन्छ ? यसको तरिकाहरू उल्लेख गर्नुहोस् ।
२२.आर्थिक विकासका निम्ति अन्तर्राष्ट्रिय सम्बन्ध सुध्रिढ गर्नुपर्दछ यस भनाइलाई नेपालको सन्दर्भमा समिक्षा गर्नुहोस् ।